**बैठक संख्या - १(एक)**

**मिति २०८२/०५/०२ को नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.- १(एक)**

आर्थिक बर्ष २०८२/८३ का लागि रुपन्देही जिल्लाको ज्यालादर, ढुवानी तथा निर्माण सामग्रीहरुको लागि स्वीकृत जिल्ला दररेटलाई स्वीकृत गरी सिद्धार्थनगर नगरपालिकामा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं- २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक समिक्षा कार्यक्रम देहाय बमोजिमको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

**देहायः**

मितिः २०८२/०५/१७ गते मंगलबार
स्थानः सि.न.पा.-६ स्थित होटल पौवा
समयः दिनको १:०० बजे

**निर्णय नं.- ३ (तीन)**

सिद्धार्थनगर नगरपालिकाको मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धि न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका,२०८२, सिद्धार्थनगर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुका लागि पुर्स्थापना कोष (सञ्चालन) कार्यबिधि,२०८२ तथा नगर खेलकुद समिति गठन तथा सन्चालन कार्यबिधि,२०८२ का सम्बन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा सुझाव सहित पेश गर्न कार्यपालिकाका सदस्यहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.- ४(चार)**

सिद्धार्थनगर नगरपालिका भित्रका देहाय बमोजिमका विद्यालयहरुको कक्षा थपका लागी मिति २०८२/०३/१० मा नगर शिक्षा समितिले सिफारिश गरेका विद्यालयहरुमा कक्षा थपको लागी कार्यपालिका बैठकमा पेश भएकोमा उक्त विद्यालयहरुको कक्षा थपका सम्बन्धमा नगरप्रमुख/नगर उपप्रमुखबाट पुनः विद्यालयहरुको अनुगमन गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | माग गरेको कक्षा | अनुमतिको सिफारिस भएको/नभएको |
|---|---|---|---|---|
| १. | टाइनिटोडर्स स्कलर्स | सिनपा ३ खजहना | ५ | सिफारिस भएको |
| २. | जामिया कमरुन निसा निस्वां कालेज | सिनपा १ | ४ | सिफारिस भएको |
| ३. | ब्राइट स्टार इ.बो. स्कुल | सिनपा १ रानीगाउँ | ११ | सिफारिस भएको |

| | | | | |
|---|---|---|---|---|
| ४. | लुम्बिनी सृजना इ.बो. स्कुल | सिनपा १, बेलहिया | ९ | सर्त सहित सिफारिस भएको |
| ५. | मदरसा अरबिया असरफिया फैजुल स्लाम | सिनपा ६ गल्लामण्डी | ७ | सिफारिस भएको |
| ६. | मदरसा कादरिया मिस्बाहुल ओलुम | सिनपा ४ दोगोहरा | ७ | सिफारिस भएको |
| ७. | ग्रिनफिल्ड एकेडमी स्कुल | सिनपा ६ महाबीरपथ | ६ | सर्त सहित सिफारिस भएको |
| ८. | बाल नेत्र एकेडमी स्कुल | सिनपा ७ भैरहवा गाउँ | ४ | सिफारिस भएको |
| ९. | लिटिल बुद्ध मन्टेश्वरी स्कुल | सिनपा ७ लेखनाथ टोल | २ | सिफारिस भएको |

**निर्णय नं.- ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका सटरहरु बाहलमा दिने शिलबन्दी प्रस्ताव आह्वान सम्बन्धि मिति २०८२/०४/२६ मा प्रकाशित (आन्तरिक आय ठेक्का नं. SNP/IR/SP-02/082/83) सूचनाका सम्बन्धमा केही प्राबिधिक बिषयमा छलफल गर्नुपर्ने भएकोले हाललाई उल्लेखित सूचना कार्यान्वयनमा स्थगित गर्ने निर्णय गरियो साथै सटर भाडाको आय ठेक्काको सुचना प्रकाशनमा देखिएका बिषय वस्तुहरुका बारेमा छलफल गरी यथाशिघ्र प्रतिवेदन पेश गर्नका लागी देहाय बमोजिमको समिति गठन गरी सो समितिलाइ जिम्मेवारी दिने निर्णय गरियो ।

**देहायः**

१. संयोजक - श्री उज्जवल पोखरेल, वडा अध्यक्ष, १
२. सदस्य - श्री छेदीलाल श्रीवास्तव, वडा अध्यक्ष, २
३. सदस्य - श्री सोम बहादुर गुरुङ्ग, वडा अध्यक्ष, १३
४. सदस्य - श्री दुरुपदा पनेरु, कार्यपालिका सदस्य
५. सदस्य -सचिव - श्री तुल्सीराम मरासिनी, सहायक कम्प्युटर अधिकृत

**निर्णय नं.- ६(छ) विविध :**

१. सिद्धार्थनगर नगरपालिकामा कार्यरत सेवाः प्रशासन, पदः अधिकृत, छैठौं तहमा कार्यरत ढाका कुमारी लुइटेलले आफ्नो शारिरीक अशक्तताको कारण देखाइ मिति २०८२/०४/०४ मा पेश गर्नु भएको राजीनामा कार्यापालिका बैठक समक्ष पेश हुँदा निजले पेश गरेको राजीनामा स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम १३२ को उपनियम ३(क) बमोजिम मिति २०८२/०४/०१ गते देखि लागु हुने गरी निजको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।